# ढोरबाराही देवीको ऐतिहासिकता, जनविश्वास र वातावरणीय प्रभाव अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह इतिहास विषयको दोस्रो वर्षको पाठ्यक्रमअनुसारको छैठौं पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोध-पत्र

प्रस्तुतकर्ता
साद‌ु राम थापा
रोल नं. ३३६४/०६०
त्रि.वि. दर्ता नं. २६९७०-९५
त्रिभुवन विश्वविद्यालय
इतिहास तथा संस्कृति विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा
२०६७

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तहको इतिहास विषयको पाठ्यक्रमअनुरूप छैठौं पत्रको प्रयोजनका लागि श्री सादु राम थापाले **"ढोरबाराही देवीको ऐतिहासिकता, जनविश्वास र वातावरणीय प्रभाव अध्ययन"** शीर्षकको यो शोध-पत्र मेरो निर्देशन तथा सुपरिवेक्षणमा तयार पार्नुभएको हो। शोधकर्ताले परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु। उक्त शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु।

मितिः २०६७/११/३०

..............................

डा. ज्ञानबहादुर कार्की

सहप्राध्यापक

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तह इतिहास विषयको छैठौं पत्रको पाठ्यक्रमअनुरूप श्री सादु राम थापाले **ढोरबाराही देवीको ऐतिहासिकता, जनविश्वास र वातावरणीय प्रभाव अध्ययन"** शीर्षकमा तयार पार्नुभएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | | |
|---|---|---|
| १. विभागीय प्रमुख | सह-प्राध्यापक ज्योति भट्टचन | ............................... |
| २. बाह्य परीक्षक | सह-प्राध्यापक डा. विश्वकल्याण पराजुली | ............................... |
| ३. शोधनिर्देशक | सह-प्राध्यापक डा. ज्ञानबहादुर कार्की | ............................... |

मिति : २०६७/१२/१७

# कृतज्ञता-ज्ञापन

प्रस्तुत शोध-पत्र नेपालको तनहूँ जिल्लाअन्तर्गत ढोरफिर्दी गा.वि.स. मा पर्ने तनहूँ जिल्लाकै प्रमुख तीर्थस्थलमध्ये पर्ने ढोरबाराही देवीसँग सम्बन्धित छ। 'ढोरबाराही देवीको ऐतिहासिकता, जनविश्वास र वातावरणीय प्रभाव अध्ययन' शीर्षकमा तयार गरिएको यस शोधपत्रमा ढोरबाराही देवीका बारेमा विविध पक्षको प्रकाश पार्ने जमर्को गरिएको छ। नेपालमा प्राचीन कालदेखि नै हिन्दू धर्मको बाहुल्यता चल्दै आएको छ। धर्मले नै विश्वमा भौतिक, बौद्धिक र नैतिक विकास गराएको छ। आजभन्दा करिब ५०० वर्ष पहिले अर्थात् सन् १४९५ मा जैन खानले भिरकोट राज्य खडा गरेका थिए। पछि तिनै राजाका सन्तानले 'ढोर' भन्ने सानो राज्य खडा गरे। यसै ढोर राज्यअन्तर्गत पर्ने ढोरबाराही देवीको परम्परागत मूल्य-मान्यता, अलौकिक गुण, प्राकृतिक सौन्दर्यताको बारेमा वास्तविक अध्ययन हुन नसकिरहेको अवस्थामा यस अध्ययनमा ढोरबाराही देवीको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पक्षको वास्तविक अध्ययन अनुसन्धान गरी यो शोधपत्र तयार पारिएको छ। यस शोधपत्रले केही हदसम्म नेपालको धार्मिक इतिहासप्रति र यसप्रति चासो र जिज्ञासा राख्ने पाठकहरूका लागि थप स्रोतको रूपमा काम गर्नेछ भन्ने कुरामा विश्वास लिएको छु।

प्रस्तुत शोधपत्र तयार पार्ने सिलसिलामा ढोरबाराही देवीको स्थलगत भ्रमण गरी त्यससँग सम्बन्धित व्यक्तिहरूसँग अन्तरक्रिया गरी विविध क्रियाकलापहरूको अध्ययन, अवलोकन तथा अनुसन्धान गरिएको छ। यस ढोरबाराही देवीको बारेमा जानकारी राख्ने व्यक्तित्वहरूसँग प्रत्यक्ष भेट गरी अन्तरवार्ता लिनुका साथै यस देवीको मन्दिरमा गरिने दैनिक क्रियाकलाप, विभिन्न संस्कारहरू तथा गुठी व्यवस्थाका साथै यसबाट परेको वातावरणीय प्रभावका बारेमा अवलोकन गरी प्राप्त गरिएका स्रोत तथा प्रमाणहरूका आधारमा यो शोधपत्र तयार गरिएकाले यो अध्ययन वस्तुपरक र तथ्यपरक हुने कुरामा विश्वास लिएको छु। निश्चित शीर्षकभित्र रही सीमित समय र सीमित आर्थिक स्रोतका बाबजुद पनि यसलाई मूर्तरूप दिन कोशिस गरेको छु।

अतः सर्वप्रथम मलाई प्रस्तुत शीर्षकमा शोधपत्र तयार गर्ने अवसर प्रदान गर्ने पृथ्वीनारायण क्याम्पस इतिहास तथा संस्कृति विभागप्रति कृतज्ञता ज्ञापन गर्दछु। शोधपत्र तयार गर्न प्रेरणा प्रदान गरी यस शोधपत्र तयार गर्ने क्रममा आफ्नो अत्यन्तै व्यस्तताका बाबजुद पनि समय दिएर मलाई धेरै निर्देशन, सुझाव दिनुका साथै आवश्यक

सामग्रीहरूसमेत प्रदान गरी अपरिपक्व लेखन कार्यलाई परिष्कृत गराई शोधपत्र तयार गर्नमा अतुलनीय सहयोग पुऱ्याउनुहुने श्रद्धेय गुरु तथा शोध-निर्देशक डा. ज्ञानबहादुर कार्कीज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। मेरो अध्ययनका क्रममा तथा शोधग्रन्थ तयारीका क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग पुऱ्याउनुहुने वर्तमान विभागीय अध्यक्ष ज्योति भट्टचन तथा प्रा.डा. दिलबहादुर क्षत्रीलगायत विभागका सम्पूर्ण गुरुजनहरूप्रति हृदयदेखि नै आभार प्रकट गर्न चाहन्छु। इतिहास तथा संस्कृति विभागका पूर्व विभागीय अध्यक्ष स्व. गुणाखर जैसी भट्टराईलाई पनि यस घडीमा म श्रद्धापूर्वक सम्झन चाहन्छु।

मेरो यो शोध-पत्रलाई यथासक्य शुद्धताका साथ बडो मिहेनतपूर्वक टाइप गरी समयमै काम पूरा गरिदिनुहुने अमृत कम्प्युटर सर्भिस, न्यूरोड, पोखरा परिवारका साथै साथीद्वय रामचन्द्र शर्मा र तेजबहादुर थापालाई धन्यवाद दिन चाहन्छु। यस्तै शोधपत्र तयार गर्दा प्रत्यक्ष र परोक्ष सहयोग पुऱ्याउने सबै महानुभावहरूमा धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनार्थ त्रि.वि. पृथ्वीनारायण क्याम्पस इतिहास तथा संस्कृति विभाग पोखरासमक्ष प्रस्तुत गर्दछु।

मिति: २०६७/११/३०

....................................

सादु राम थापा

इतिहास तथा संस्कृति विभाग

त्रि.वि.वि. पृथ्वीनारायण क्याम्पस, पोखरा

# विषय-सूची


अध्याय- एक : अनुसन्धान परिचय १-१२

१.१ परिचय १

१.२ समस्या कथन ५

१.३ अध्ययनको उद्देश्य ५

१.४ अध्ययनको महत्व ६

१.५ अध्ययनको सीमा र क्षेत्र ६

१.६ पूर्वकार्य समीक्षा ६

१.७ अनुसन्धान विधि ९

१.७.१ अनुसन्धान ढाँचा ९

१.७.२ तथ्याङ्क संकलन विधि १०

१.७.२.१ प्राथमिक तथ्याङ्क संकलन विधि १०

१.७.२.२ द्वितीय तथ्याङ्क संकलन विधि ११

१.८ अध्याय विभाजन ११

अध्याय- दुई : ढोरबाराही देवी र तनहूँका प्रमुख देवदेवीहरूको परिचय १३-३८

२.१ परिचय १३

२.२ ढोरफिर्दी गा.वि.स. को परिचय १४

२.३ धार्मिक मान्यता र ढोरबाराही देवी १६

२.४ तनहुँ जिल्लाका प्रसिद्ध तीर्थस्थलहरू २०

२.५ ढोरबाहारी देवी २५

२.६ ढोरबाराही देवीको उत्पत्ति २६

२.७ ढोरवाराही देवीप्रतिको जनविश्वास ३२

२.८ ढोरबाराही लहरी ३४

२.९ ढोरबाराही देवीको सांस्कृतिक महत्त्व ३७

अध्याय- तीन : ढोरबाराही देवीको पूजाविधि तथा व्यवस्थापन ३९-४९

३.१ ढोरबाराहीको पूजाविधि ३९

३.१.१ नित्यपूजा तथा बलिपूजा ४०

३.१.२ पूजासामग्री ४१

३.१.३ नित्य पूजा गर्ने पुजारीहरू ४१

३.१.४ विशेष पूजा ४२

३.२. मन्दिरको कला  तथा वास्तुकला ४२

३.३ ढोरबाराहीसँग सम्बन्धित गुठी व्यवस्था ४४

३.४. ढोरवाराही देवीको मन्दिर परिसरमा रहेका विविध सम्पदा ४५

३.४.१ पाटी पौवा ४५

३.४.२ पाटीको वास्तुकला ४६

३.४.३ अभिलेख ४७

३.५. ढोरबाराहीको मुख्य विशेषता ४७

अध्याय-चार : ढोरवाराही देवीको महत्व, संरक्षण, सम्बर्द्धन र वातावरणीय प्रभाव ५०-६१

४.१ धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्व ५०

४.२ मन्दिरको महत्त्व र संरक्षण ५३

४.३ ढोरबाराहीको संरक्षण र सम्बर्द्धनमा विभिन्न निकायहरूको भूमिका ५६

४.४ जीर्णोद्धारको समयमा गरिएका मुख्य कार्य ५८

४.५ वातावरणीय प्रभाव ५९

अध्याय- पाँच : निष्कर्ष र सुझाव ६२-६४

५.१ निष्कर्ष ६२

५.२ सुझाव ६३

सन्दर्भ सामग्री ६५

परिशिष्ट (क) : प्रश्नावलीको नमूना ६९

परिशिष्ट (ख) : अध्ययनसँग सम्बन्धित फोटाहरू ७०